स्थानीय सरकार

लुम्बिनी साँस्कृतिक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

फोन नं. ०७१-५८०३०५, ०७१-५८०३४९,०७१-५८०३५०

Email: Lumbiniculturalmunicipality@gmail.com

Website: lumbinisanskritikmun.gov.np

पत्र संख्या : २०८३।०८४

सूचना नं. : 94

मौसम सम्बन्धी पूर्व सूचना तथा उच्च सतर्कता अपनाउने सम्बन्धमा ।

(मिति २०८३/०७/१२)

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी मौसमी पूर्वानुमान तथा प्रतिकूल मौसम सम्बन्धी सूचनालाई मध्यनजर गर्दै बंगालको खाडीमा विकसित चक्रवात **(अर्नब)** को प्रभावका कारण नेपालका विभिन्न स्थानमा वर्षा, मेघगर्जन, चट्याङ, हावाहुरी तथा अन्य विपद्जन्य घटना हुन सक्ने सम्भावनालाई ध्यानमा राखी लुम्बिनी साँस्कृतिक नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने सम्पूर्ण नगरवासी तथा सरोकारवालाहरुलाई उच्च सतर्कता अपनाउन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

सम्भावित विपद् हुन सक्ने जनधनको क्षति न्यूनीकरण तथा पूर्व तयारीका लागि देहायबमोजिमका कार्यहरू गर्ने/गराउन अनुरोध छ ।

१. धानबाली काट्ने, भित्र्याउने लगायतका कृषि कार्यहरू मौसमको अवस्था हेरी सुरक्षित तरिकाले गर्ने / गराउने ।
२. सडक तथा हवाई यातायात लगायत दैनिक जनजीवन प्रभावित हुन सक्ने भएकाले आवश्यक सतर्कता अपनाउने र अत्यावश्यक बाहेक अनावश्यक यात्रा नगर्ने / नगराउने ।
३. जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति तथा परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न आवश्यक समन्वय गर्ने/गराउने।
४. वडा कार्यालय, सुरक्षा निकाय, स्थानीय तह, स्वास्थ्य संस्था, रेडक्रस, स्वयंसेवक तथा सरोकारवाला निकायहरू विपद् प्रतिकार्यका लागि आवश्यक तयारी अवस्थामा रहने ।
५. उपलब्ध जनशक्ति, दमकल, एम्बुलेन्स, डोजर लगायतका स्रोत साधनलाई आवश्यक परेको अवस्थामा तत्काल परिचालन गर्न सक्ने गरी तयारी अवस्थामा राख्ने ।
६. नेपाल मौसम विज्ञान विभाग लगायत आधिकारिक निकायबाट जारी हुने अद्यावधिक मौसम पूर्वानुमान; पूर्वसूचना तथा चेतावनीको पालना गर्ने / गराउने ।
७. विपद्जन्य घटना घटेमा तत्काल सम्बन्धित वडा कार्यालय, नगरपालिका तथा सुरक्षा निकायमा जानकारी गराउने ।

तसर्थ, नगरपालिका भित्रका सम्पूर्ण वडा कार्यालयहरू, सरकारी तथा गैरसरकारी निकायहरू, विद्यालय, संघ-संस्था, स्थानीय बासिन्दा तथा सरोकारवाला सबैले सम्भावित विपद्को जोखिम न्यूनीकरणका लागि आवश्यक सतर्कता अपनाउनु हुन अनुरोध छ ।

विपदमा सहयोग आवश्यक परेमा देहाय बमोजिम सम्पर्क गर्न सक्नुहुनेछ ।

कल्पना हरिजन – कार्यवाहक नगर प्रमुख ९८०७४९८४४८

दामोदर पाण्डे – विपद् व्यवस्थापन शाखा प्रमुख ९८६७२२०७८७

नितेश कुमार तिवारी – नगर प्रहरी प्रमुख ९८५७०१३८५६

कल्पना हरिजन

कार्यवाहक नगरप्रमुख

कल्पना हरिजन

का.वा. नगर प्रमुख